# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पू) गण्डकी प्रदेश

०७८-५७५३९६, ०७८-५७५०१०
ईमेल: Devchulimunicipality@gmail.com


प.स. ०७७/०७८/ प्रशासन
च.नं.

मिति : २०७७/०५/१०

## कोरोना रोग नियन्त्रण तथा रोकथामका सम्बन्धमा जारी गरिएको अत्यन्त जरुरी सूचना

यस नगरपालिका वडा नं. १० मिलनटोल निवासी वर्ष २४ को भरतपुर कलेज अफ मेडिकल साइन्समा कार्यरत स्वास्थ्यकर्मीलाई संक्रमण देखिएको र निज घरबाट आउने जाने गरेको हुँदा उक्त क्षेत्रमा बसोवास गर्ने नगरवासीहरुलाई अन्य समुदायहरुमा घुलमिल हुन नदिन

**पूर्व** - भगवती टोल
**पश्चिम** - धौलागिरी टोल
**उत्तर** - मिलन टोल पृथ्वीनगर
**दक्षिण** - प्रगतिनगर हाटबजार / दे.न.पा. १५ को सिमाना

यति चार किल्ला भित्रको क्षेत्रमा आज मिति २०७७/५/१० गते दिनको १:०० बजे देखि ऐ भाद्र १५ गते राती १२ बजे सम्मका लागि देहाय बमोजिम गर्नु गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराउने गरी आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।

१. सबैजना आफ्नो घर भित्र बस्ने, बाहिर ननिस्कने तथा अन्य समुदायमा घुलमिल नहुने।

२. सबै प्रकारका पसल, व्यवसाय, संघ संस्था, सहकारी तथा वित्तिय संस्थाहरु पूर्णरुपमा बन्द गर्ने।

३. यो अवधिमा कन्ट्रयाक ट्रेसिङ गरी सम्बन्धित सरोकारवालाको पि.सि.आर. परिक्षणको दायरा बढाउने।

४. यो समयावधिमा उक्त क्षेत्रको फोहरमैला संकलन नगर्ने।

५. वडा समिति, राजनैतिक दल, टोल विकास संस्था एवं आमा समुह लगायत सबैले आ-आफ्नो समितिका सदस्यहरुलाई महामारी नियन्त्रणमा आ-आफ्नो स्थानबाट सक्रिय भई सचेत नागरिकको भूमिका निर्वाह गर्न अनुरोध गर्ने।

०७७/५/१०
प्रमुख प्रशासकीय अधिकृत